# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, काठमाडौं

## सहुलियत मूल्य पसल संचालन निर्देशन "२०८२"

(व्यवस्थापनवाट स्वीकृत मितिः २०८२ साल भाद्र २०गते)

परिभाषाः नेपालीहरुको महान पर्व वडादशैं, तिहार, छठ लगायतमा काठमाण्डौ उपत्यका र अन्य विभिन्न जिल्लाहरुमा **"पर्वोत्सवको"** लागि सहुलियत मूल्यको पसल मार्फत उपभोक्ताहरुलाई खाद्यबस्तुमा छुट दिई खाद्यान्न तथा मासु जन्य पदार्थमा बजार मूल्य स्थिरीकरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सहुलियत मूल्य पसल संचालन तथा व्यवस्थापनको लागि यो **"निर्देशन"** तयार गरी लागु गरिएको छ।

निर्देशनहरुः

१. सहुलियत मूल्यको पसल मितिः २०८२ साल भाद्र ३० गते देखि संचालन गर्ने।

२. सहुलियत मूल्यको पसल कम्पनीको उपस्थिति रहेका ४५ जिल्लाको १११ बिक्री स्थानहरुबाट बिक्री वितरण हुनेछ। तत्कालको आवश्यकता माग अनुसार थप बिक्री केन्द्रहरु समेत विस्तार हुनेछ।

३. विगत वर्षहरुको असल अभ्यास, सुगम तथा दूर्गम जिल्लाहरुको खाद्यान्नको मौज्दात अवस्थालाई मध्यनजर गरि प्रत्येक जिल्लाको लागि बिक्री कोटा छुट्याईएको छ, प्राप्त कोटालाई बिक्री वितरण गर्न उत्साहित हुनुपर्नेछ। बिक्री नभएमा समिक्षात्मक टिप्पणी सहित प्रधान कार्यालयलाई जानकारी गराउने।

४. जिल्ला स्थित कार्यालयहरुबाट उपभोक्तालाई बिक्री गर्ने परिमाणको हकमा खाद्यान्न मौज्दात, उपभोक्ताको चाप र बजार मूल्यलाई अध्ययन गरी आन्तरिक छलफल, निर्णय र कार्यविधि बनाई प्रत्येक उपभोक्तालाई बिक्री परिमाण तोक्न सकिने छ।

५. छुटमा बिक्री गर्ने खाद्यान्न दुर्गम जिल्लाहरुमा एकमुष्ट कोटा राखिएको छ। शाखा, डिपो र स्थानीय तहमा संचालित खरिद/बिक्री केन्द्रको लागि छुट्याईएको छ, उक्त कोटालाई जिल्लाको आवश्यकता अनुसार खाद्य व्यवस्था समितिमा जानकारी गराई समितिको निर्णयबाट कोटा वाडफाड गरी बिक्री वितरणको व्यवस्था मिलाउने।

६. सहुलियत मूल्य पसल संचालन गर्दा बिक्री कक्षबाट अनिवार्य रुपमा उपभोक्ताको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरी बिक्री भएको खाद्यबस्तु र छुट रकम उल्लेख भएको प्रत्येक उपभोक्तालाई **IMS Shoftware** बाट बिल विजक जारी भएको हुनु पर्नेछ।

७. उपभोक्ताको नाम, सम्पर्क नम्बर, परिमाण र छुट रकम उल्लेख भएको दैनिक बिक्री अभिलेख खडा गरी बिक्री परिमाण, लेखा, जिन्सी र कार्यालय प्रमुखबाट अनिवार्य प्रमाणित गरी अभिलेख व्यवस्थापन गर्ने।

८. अघिल्लो दिनको दैनिक बिक्री विवरणः उपभोक्ताको संख्या, खाद्यान्न वाईजको बिक्री परिमाण, छुट रकम खुलेको प्रगति हरेक दिन बिहान ११:०० बजे भित्र **sales@fmtc.org.np, nfcsales75@gmail.com** र फोन मार्फत प्रधान कार्यालय बिक्री वितरण विभागमा अनिवार्य प्रगति पठाउने व्यवस्था गर्ने।

क्रमशः

रमेश आचार्य

प्रमुख कार्यकारी अधिकृत

९. मौज्दातमा रहेको खाद्यबस्तुहरुः सबै किसिमको चामल, सबै किसिमको दाल, गहुँ, चिनी, गेडागुडी (चना, भट्मास, केराउ समेत) प्रति के.जि.रु.५।(पाँच)-, सबै किसिमका तेलहरुमा प्रति लिटर रु.७।-(सात), चिउरा, आटा, पिठो, मैदा, चियापत्ती जिरा, धनिया, सहित मसला आइटमहरु प्रति के.जि.रु.७।- (सात), कर्णालीको सिमी, फापर, चिनो, कागुनो, उवा, जुम्ली मार्सी, बासमती चामल प्रति के.जि.रु.१०।-(दश) र जिउंदो खसि/बोका/च्याङग्रामा प्रति के.जि.रु.१०।- (दश) छुट दिने।

१०. उपभोक्ताहरुलाई सहुलियतको छुट मूल्य सु-सूचित गर्न सबै ठाउँमा एकै किसिमको "युनिफर्म" मा सबै बिक्री स्टलहरुमा निम्न नमूना अनुसारको व्यानर बनाई सबैले पढ्न सक्ने स्थानमा टास्ने (राख्ने)।

नमूना

"पर्वोत्सव"

सहुलियत छुट मूल्य पसल "२०८२

खाद्यान्नको छुट मूल्य विवरणः-

| सि. नं. | खाद्यवस्तुको किसिम | साविकको बिक्री मूल्य (प्रति के.जि./प्रति लि.) | छुट मूल्य (प्रति के.जि./प्रति लि.) | छुट पछिको बिक्री मूल्य (प्रति के.जि./प्रति लि.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

आयोजक
खाद्य व्यवस्था तथा व्यापार कम्पनी
............... कार्यालय............

(नोटः आवश्यकता अनुसार कोलम र महल थप गर्ने)

११. सहुलियत मूल्य पसल संचालनको व्यापकता वढाउन स्थानीय सरकार/जिल्ला प्रशासन कार्यालयमा सूचना पठाउने स्थानीय एफ. एम. रेडियो साथै स्थानीय पत्र-पत्रिका मार्फत विज्ञापन प्रचार/प्रसारण गर्ने सो को लागि स्वीकृत बजेटको परिधी भित्र रहि न्यूनतम आवश्यक पर्ने बजेट सहुलियत मूल्य पसल संचालन खर्चबाट बिक्री वितरण विभागले निकासाको व्यवस्था मिलाउने।

रमेश आचार्य